# निजी विद्यालयलाई गैरनाफामुखी बनाउने कुरा अमान्य : निजी विद्यालयका सञ्चालक

काठमाडौँ(जस)-विद्यालय शिक्षा विधेयकमा निजी क्षेत्र लगानी सुनिश्चत हुने गरी बनाउनुपर्नेमा जोड दिएका छन् । शिक्षा पत्रकार सञ्जाल (इजोन)ले आयोजना गरेको विद्यालय शिक्षा विधेयकका समस्या र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रमा निजी विद्यालयका सञ्चालकले विधेयकमा गैरनाफामूलुक बनाउने कुरा अमान्य भएको जनाउँदै लगानी सुरक्षित गर्नुपर्नेमा जोड दिए । उच्च विद्यालय तथा माध्यामिक विद्यालय सङ्घ नेपालका (हिसान)का कार्यवाहक अध्यक्ष युवराज शर्माले सबैलाई सम्बोधन गर्ने खालको विधेयक नआउने भन्दै विधेयकलाई निजी शिक्षण संस्थालाई कमजोर बनाउने नहुने बताए ।

उनले राज्यले निजी क्षेत्रलाई स्थान दिने देखिने पनि शिक्षा विधेयकले निजी लगानीका विद्यालयमा पनि असर गर्ने बताए । विधेयकले सामुदायिक विद्यालयको शिक्षा गुणस्तर हुन्छ भन्नेमा शङ्का उत्पन्न भएको बताए । उनले विधेयक शिक्षामा युगान्तकारी परिवर्तन खालको नभएको भन्दै अझ संशोधन गर्नुपर्ने बताए । उनले पाठचक्रम सुधारका कुरा विधेयकमा राख्नुपर्नेमा जोड दिए । उनले निजी विद्यालयलाई अझ उत्तरदायी बनाउँदै निजी विद्यालयको लगानी सुनिश्चित गर्नुपर्ने बताए । हिसानका कार्यवाहक अध्यक्ष शर्माले निजीले सामुदायिक विद्यालय व्यवस्थापन गर्ने कुरा विधेयकमा राख्नुपर्नेमा जोड दिए ।

निजी तथा आवासीय विद्यालय सङ्गठन (एनप्याव्सन)का अध्यक्ष कृष्ण अधिकारीले सरकारले शिक्षालाई धान्छ भने आफूहरूले अन्य व्यवसाय गर्ने बताए । उनले विधेयकमा निजी क्षेत्रको लगानी सुनिश्चित नगरे विद्यालय बन्दसम्मको आन्दोलन गर्ने जानकारी दिए । राष्ट्रिय निजी तथा आवासीय विद्यालय सङ्गठन नेपाल (एनप्याव्सन)का अध्यक्ष सुवास न्यौपानेले विधेयकले शिक्षाको गुणस्तर सुधार्न ध्यान नदिएको बताए । उनले अहिलेको २१औं शताब्दिको शिक्षालाई मार्गदर्शन गर्न नसक्ने बताए ।

"हामीले सबै पैतृक लगानी गरेर निजी विद्यालय बनाएका छौँ । तर अहिले आएर विधेयकमा कम्पनी अन्तर्गत गैरनाफामूलुक भनेर निजी विद्यालयलाई परिभाषित गरिएको छ" उनले भने, "निजी विद्यालय गैरनाफामूलक बनाउने कुरा विधेयकमा अमान्य रहेको छ ।

यसलाई संशोधन गर्नुपर्दछ ।" प्याब्सनका निवर्तमान डिके ढुङ्गानाले कम्पनी ऐन अनुसार दर्ता भएका विद्यालयलाई गैरनाफामूलक बनाउने नपाइने बताए । उनले निजी क्षेत्रको योगदान शिक्षामा धेरै रहेको भन्दै विधेयकका सम्बन्धमा राजनीतिक नेतासँगको भेटमा विधेयक संशोधनको आश्वासन पाएको बताए । इजोनका अध्यक्ष ईश्वरराज ढकालका अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो ।

# झन्डोत्तोलन गर्दै मनाइयो नेपाल रेडक्रस स्थापना दिवस

काठमाडौं(जस)-नेपाल रेडक्रस सोसाइटीको ६३औं स्थापना दिवस विविध कार्यक्रम आयोजना गर्दै मनाएकोको छ । नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा बिहीबार आयोजित कार्यक्रममा नेपाल रेडक्रसका निमित्त कार्यकारी निर्देशक धर्मदत्त विडारी र रेडक्रसको अन्तरराष्ट्रिय समितिका नेपाल प्रमुख सन्देश श्रेष्ठले संयुक्त रूपमा रेडक्रसको झण्डोत्तोलन गरे । सो अवसरमा निमित्त निर्देशक विडारीले नेपाल रेडक्रसको उन्नयनका लागि साथ र सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवादसहित नेपाल रेडक्रसको संस्थागत विकास तथा सेवामूलक गतिविधिमा सबैबाट निरन्तर सहयोग प्राप्त हुनेमा विश्वास व्यक्त गरे ।

नेपाल रेडक्रसले गतवर्ष देशका विभिन्न स्थानमा आएको बाढीपहिरो, आगलागी र शीतलहरबाट प्रभावित ४ हजार ९०६ परिवारलाई नेपाल रेडक्रसले राहत सामग्री वितरण गरेको थियो । साथै, ५हजार ३३ परिवारलाई पूर्वानुमानमा आधारित पूर्वकार्य, पुनर्लाभ, प्रतिकार्य र जीविकोपार्जनका लागि कूल रु १२ करोड २४ लाख २० हजार नौ सय ४ रुपैयाँ बराबरको नगद सहायता उपलब्ध गराइएको छ । आपत्कालीन परिस्थितिको तयारीस्वरूप, नेपाल रेडक्रसले हाल १ केन्द्रीय, ६ प्रदेशस्तरीय र ५ उपक्षत्रीय गोदामको साथै सबै जिल्ला शाखामा आवश्यक उद्धार तथा राहत सामग्रीको भण्डारणको व्यवस्था मिलाएको छ ।

सो अवसरमा नेपाल रेडक्रस सोसाइटीको मानवीय मूल्य तथा सञ्चार विभागका निर्देशक विपुल न्यौपानेले गत एक वर्षमा नेपाल रेडक्रस सोसाइटीले पुर्‍याएको सेवाका बारेमा जानकारी प्रस्तुत गरेका थिए । 'म सेवा गर्छु' भन्ने मूलमन्त्र राखी नेपाल रेडक्रसले सरकारको सहयोगीको रूपमा रही सङ्गठन विकास, जुनियर तथा युवा विकास, विपद् तथा सङ्कट व्यवस्थापन, सामुदायिक विकास, लैङ्गिक तथा समावेशीकरण, मानवीय मूल्य तथा रेडक्रस सिद्धान्तको प्रवर्द्धन, स्वास्थ्य सेवा, रक्तसञ्चार सेवाजस्ता महत्वपूर्ण गतिविधि देशैभरी सञ्चालन गर्दै आएको छ । कार्यक्रममा आइसिआरसीका नेपाल कार्यालय प्रमुख सन्देश श्रेष्ठले विगतको द्वन्द्व, भूकम्प र कोभिड महामारीका बेला नेपाल रेड्क्रस सोसाइटीसँग मिलेर गरिएको सहकार्यको स्मरण गरे । विदेशयात्रा, बसाइसराइँ र द्वन्द्वलगायतका कारण व्यक्ति बेपत्ता हुनेक्रम विश्वमा नै बढेकोले नेपालमा आइसिआरसीले नेपाल रेड्क्रससँग मिलेर बेपत्ता व्यक्तिको खोजीमा सहकार्य गरिरहेको जानकारी दिए ।

कार्यक्रममा रेडक्रसका युवाप्रतिनिधि सुरजकुमार सिंहले नेपाल रेडक्रसले युवाको नेतृत्व विकासका गतिविधि सञ्चालन गरी युवालाई सहभागी हुने अवसर दिँदै आएकोमा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि युवालाई स्थान दिइने अपेक्षा गरिएको बताए । दिवसका अवसरमा नेपाल रेडक्रस सोसाइटी कर्मचारी कल्याण कोषद्वारा आयोजित कार्यक्रममा संस्थामा २५ वर्ष काम गरिसकेका कर्मचारीलाई सम्मान, कर्मचारीका छोराछोरीलाई प्रोत्साहनस्वरुप शैक्षिक सहयोग र प्रशंसापत्र वितरण गरिएको थियो । साथै विश्व रेडक्रस दिवसको अवसरमा आयोजना गरिएको फोटो तथा भिडियो प्रतियोगिताका विजयीलाई नगदसहित प्रमाणपत्र वितरण गरिएको थियो । दिवसकै अवसरमा बिहीबार रेड्क्रसको केन्द्रीय कार्यालयमा रक्तदान कार्यक्रमको पनि आयोजना गरिएको थियो ।

CHINGAD RURAL MUNICIPALITY
OFFICE OF THE RURAL MUNICIPALEXECUTIVE
Awalching, Surkhet
Karnali province, Nepal

**Invitation for Sealed Quotation**

First Date of publication: 5 th Sep. 2025

1. Chingad Rural Municipality, Office of Municipal Executive, Awalching, Surkhet invites electronic bid for eligible bidders as per details given below under NCB bidding Procedures.

| S.N. | Contract Identification Number | Description of works | Estimated Amount (with VAT) | BID Validity Period | BID Security Amount. | Non-Refundable Fee for BID Document purchase(Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | CRM/SQ/ Suchana/ 03/2082/083 | Bigyapan Tatha Suchana Prakashan Of Chingad Gaunpalika For F/Y:-2082/083 | 5,50,581.20 | 45 days | 15,000 | 1000 | |

2. All further information and bid documents can be inspected visiting the PPMO E-Portal www.bolpatra.gov.np
**Information to deposit the cost of bidding document in bank**
**Name of bank:** Sanima Bank, Chingad branch
**Name of account :** Aantarik rajaswa khata
**Account number:** 069010040000005
3. Electronic bids must be submitted on or before 12:00 hours on 21st Sep. 2025 and shall be opened at 13:00 hours on 21st Sep. 2025 at office.

**Chief Administrative officer**

# होटललाई मध्यरातिसम्म सञ्चालन अनुमति दिन काठमाडौँका सिडियोलाई व्यवसायीहरुको आग्रह

काठमाडौं(जस)- जिल्ला होटल व्यवसायी संघ काठमाडौँको टोलीले काठमाडौँका प्रमुख जिल्ला अधिकारी समक्ष व्यवसायीव्यवसायसँग सम्बन्धित विभिन्न समस्याहरू राख्दै तत्काल समाधानका लागि आग्रह गरेका छन् ।

काठमाण्डौ जिल्ला होटल व्यवसायी संघका अध्यक्ष सुरेश बरालको अध्यक्षतामा गएको टोलीले प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई भेट गरी व्यवसाय सञ्चालनमा देखिएका चुनौतीबारे औपचारिकरूपमा जानकारी गराएका हुन् ।

उपाध्यक्ष भविश्य दुबे, कोषाध्यक्ष विष्णु प्रसाद घिमिरे, उपमहासचिव शिवलाल गिरी लगायत संघका पदाधिकारीहरूले विशेषगरी हाल राति ११ बजेसम्म मात्र होटल सञ्चालन गर्न दिइएको व्यवस्थाले व्यवसायमा प्रतिकूल असर परेको भन्दै आपत्ति जनाएका थिए । उनीहरूले ठमेल, दरबारमार्ग जस्ता पर्यटक क्षेत्रका होटलहरूलाई २४ घण्टा सञ्चालनको अनुमति दिइरहेको अवस्थामा काठमाण्डौका अन्य होटल व्यवसायीलाई पनि कम्तीमा मध्यराति १२ बजेसम्म सञ्चालन गर्ने वातावरण बनाउन आग्रह गरे ।

व्यवसायीहरूले संघीय कानुन अनुसार होटल सञ्चालनमा सहज वातावरण निर्माण गर्नुपर्नेमा जोड दिँदै, कानूनसम्मत र व्यवस्थित वातावरण निर्माण गरिदिन प्रमुख जिल्ला अधिकारीसँग माग गरे । सो अवसरमा प्रमुख जिल्ला अधिकारी छवि रिजालले व्यवसायीहरूले उठाएका माग र समस्याबारे सम्बद्ध निकायसँग छलफल गरी समाधान खोज्ने आश्वासन दिएका थिए। उनले होटल व्यवसायलाई व्यवस्थित र सुरक्षासहित सञ्चालन गर्न प्रशासन सधैं सहकार्य गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

# नेपाल अमेरिका सम्बन्ध विश्वासमा आधारित र दिगो:परराष्ट्रमन्त्री

काठमाडौँ(जस)-परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपाल र अमेरिकाबीच विश्वासमा आधारित एवं दिगो र ऐतिहासिक सम्बन्ध रहिआएको बताएकी छन् । संयुक्तराज्य अमेरिकाले नेपाली सेनालाई उपलब्ध गराएको दुई स्काइ ट्रक हस्तान्तरण गर्न बिहीबार यहाँ आयोजित सामारोहमा मन्त्री डा राणाले उक्त सहयोग नेपाल र अमेरिकाबीचको दिगो मित्रता र सहकार्यको प्रतिक हो भनिन ।

अमेरिका प्रजातान्त्रिक शासन प्रणालीको सुदृढीकरण, मानवतावादी सहयोग, विपद् व्यवस्थापन, शान्ति स्थापना तथा क्षमता विकासमा नेपालको एक विकास साझेदार र भरपर्दो मित्र रहेको उनले स्पष्ट गरिन । मन्त्री डा राणाले अमेरिकासँगको नेपालको मित्रता र सहकार्य सधैँ शान्ति, स्थायित्व तथा मानव सेवाको उद्देश्यमा समर्पित रहेको उल्लेख गर्दै नेपाललाई गर्दै आएको निरन्तर सहयोगका लागि अमेरिकी सरकार र अमेरिकी जनतालाई धन्यवाद ज्ञापन गरिन ।

मन्त्री डा राणाले निरन्तर समर्पण र अनुशासनका साथै राष्ट्रियता, विश्व शान्ति तथा सुरक्षाप्रति अटूट प्रतिबद्धता प्रदर्शन गर्दै आएकामा नेपाली सेनाको प्रशंसा गरिन । समारोहमा परराष्ट्रमन्त्री डा राणा, रक्षामन्त्री मानवीर राई र प्रधानसेनापति अशोकराज सिग्देललाई अमेरिकी राजदूत डिन आर थम्पसनले ती स्काइ ट्रक हस्तान्तरण गरेका थिए । स्काइ ट्रक विपद् र उद्धारका क्रममा सेवा दिन तथा एयर एम्बुलेन्सको रूपमा पनि प्रयोग गर्न सकिनेछ ।

# वसन्तपुर दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान

काठमाडौँ(जस)-विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रस्थित कालभैरवको मूर्तिअघि ईन्द्रजात्राको लिङ्गो उठाइएको अर्थात् इन्द्रध्वजोत्थान गरिएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले दिएको साइत अनुसार बिहीबार बिहान १०:३१ बजे कालभैरवको मूर्तिअघि इन्द्रध्वजोत्थान गरिएको गुठी संस्थान काठमाडौँ शाखा कार्यालयका प्रमुख लक्षुणा शर्माले राससलाई जानकारी दिए । यसअघि भदौ १५ गते ईन्द्रजात्राको लिङ्गो नगर प्रवेश गराइएको थियो ।

भाद्र शुक्ल अष्टमीका दिन भोटाहिटीबाट ईन्द्रजात्राको लिङ्गो वसन्तपुर दरबार क्षेत्रस्थित कालभैरवको मूर्तिअघि लगी राख्नुलाई नगर प्रवेश गराउनु भनिन्छ । भाद्र शुक्ल द्वितीयाको राति भक्तपुरस्थित चित्तपोल सामुदायिक वनमा काटिएको सल्लाको रुख त्यसको भोलिपल्ट घिसार्दै भोटाहिटीमा ल्याई राखिएको थियो । त्यही लिङ्गोलाई बिहीबार बाँस, डोरीलगायतको सहायताले उठाइएको अर्थात् ईन्द्रध्वजोत्थान गरिएको हो । ईन्द्रध्वज र पताकासहित तान्त्रिक विधिले ईन्द्रध्वजोत्थान गरिएको संस्थानका धार्मिक एवं सांस्कृतिक शाखा प्रमुख राजेन्द्र दाहालले बताए । भाद्र शुक्ल द्वादशीका अवसरमा बिहीबार ईन्द्रध्वजोत्थान गरेपछि भाद्र शुक्ल चतुर्दशी अर्थात् अनन्त चतुर्दशीका दिन शनिबार राष्ट्रपति रामचन्द्र पौडेलसहित विशिष्ट व्यक्तित्वको उपस्थितिमा श्रीकुमारी, श्रीगणेश र श्रीभैरवको यात्रा गराइन्छ । यो दिन ईन्द्रजात्राको मुख्य दिन हो । यस अवसरमा काठमाडौँ उपत्यकामा सार्वजनिक बिदा दिने प्रचलनसमेत रही आएको छ ।

Kalika Municipality
**Office Of Municipal Executive**
Redcrossgram, Chitwan

**INVITATION FOR BIDS**

**First date of publication: - 2082-05-20 B.S / (5th September, 2025)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | 05/Works/NCB/KM/ 2082/083 | **Different Road Construction in Ward No. 5** | **1,16,22,149.79** | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2082-10-20 B.S (3rd February, 2026)).** | **3,00,000.00** | **3,000.00** |
| 2. | 06/Works/NCB/KM/ 2082/083 | **Different Road Upgrading Works at Kalika Municipality Ward no 8 and 9** | **60,52,193.89** | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2082-10-20 B.S (3rd February, 2026)).** | **1,50,000.00** | **3,000.00** |
| 3. | 07/Works/NCB/KM/ 2082/083 | **Different Road Construction in Ward No. 2** | **80,21,777.10** | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2082-10-20 B.S (3rd February, 2026)).** | **2,00,000.00** | **3,000.00** |
| 4. | 08/Works/NCB/KM/ 2082/083 | **Different Road Construction in Ward No. 3** | **88,49,754.81** | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2082-10-20 B.S (3rd February, 2026)).** | **2,30,000.00** | **3,000.00** |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
Last Date of Bids Submission Date: Before 12 PM on **2082-06-20 B.S (6th October, 2025)**
Bids Opening Date: At 13:00 PM on **2082-06-20 B.S (6th October, 2025)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**